नेपाल सरकार

उद्योग मन्त्रालय

घरेलु तथा साना उद्योग बिकास समिति

प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ

# ट्रष्ट बनाई मर्मत सुधारको लागि सिलबन्दी बोलपत्र आह्ववानको सूचना

**पथम पटक सूचना प्रकाशित मिति : २०७२/०८/०९**

यस कार्यालयको कार्यालय भवनको छतमा ट्रष्ट बनाई मर्मत सूधार कार्य गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीबाट तपसिल बमोजिमका सर्तहरुको अधीनमा रही सिलबन्दीको माध्याबाट रीतपूर्वकको बोलपत्र पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) **बोलपत्र फाराम खरिद :** प्रथमपटक सूचना प्रकाशित मितिले म्यादभित्र तपशिल बमोजिमको दस्तुर फिर्ता नहुने गरि बुझाई अद्यावधिक नविकरण भएको इजाजतपत्र, फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्रदाताले खरिद कारबाहीमा भागलिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको सम्बन्धि लिखित घोषणापत्र र संयुक्त यउपक्रम (जे.भी.) भए संयुक्त उपक्रम सम्झौता र अख्तियारनामा समेत संलग्न राखी यस कार्यालयको सामान्य प्रशासन शाखाबाट आफै वा अधिकार प्राप्त प्रतिनिधिले खरिद गर्न सक्नेछ ।

२) **बोलपत्र फाराम दाखिला :** निर्माण व्यवसायीले बोलपत्रको प्रत्येक पानामा सहीछाप गरी, बोलपत्र खाममा राखी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको विवरण, ठेक्का नं., प्रष्टसंग लेखि तपशिल बमोजिमको म्यादभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । बोलपत्रमा माग गरेको आबश्यक आधारभुत कागजातहरुको प्रमाणित प्रतिलिपि सहित सो सम्बन्धित विवरण फाराम पूर्णरुपमा भर्नुपर्नेछ । बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरु सिलबन्दी बोलपत्रसाथ सिलबन्दी खामभित्रै पेश गर्नु पर्नेछ । एक बोलपत्रदाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेस गर्न सक्नेछ ।

३) **सार्वजनिक बिदा परेमा :** बोलपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्बजनिक बिदा पर्न गएमा सोको लगतै कार्यालय खुलेको दिन खरिद, दर्ता तथा खोलिने कार्य गरिनेछ ।

४) **जे.भी. सम्बन्धमा :** बोलपत्रदाताले बोलपत्रमा तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ । सोको हकमा संयुक्त उपक्रम (Joint Venture) को माध्यामबाट पनि बोलपत्रमा भाग लिन सकिनेछ तर संयुक्त उपक्रममा साझेदारी सदस्यको संख्या ३ (तीन) भन्दा बढी भएमा स्वीकार गरिनेछैन । संयुक्त उपक्रममा भाग लिन निर्माण व्यवसायीले संयुक्त उपक्रमको सक्कलै सम्झौतापत्र अनिवार्य रुपमा बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

५. **धरौटी :** तपसिलमा उल्लेख भएबमोजिमको रकम यस समितिको कृषि विकास बैंक, त्रिपेरश्वरमा रहको धरौटी खाता नं २३२०३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यताप्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र खोलिने मितिदेखि कम्तीमा १२० दिनसम्म मान्य हुने यस कार्यालय कै नाममा जारी गरिएको, कामको विवरणसमेत खुलाइएको बैंक ग्यारेण्टी (बिडबण्ड) पेस गर्नुपर्नेछ ।

६) **बोलपत्र खोल्ने :** दर्ता भएका बोलपत्र तपशिल बमोजिम मिति र समयमा कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थिती र रोहबारमा यसै कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

नेपाल
उद्योग म
घरेलु तथा साना उ

७) **बोलपत्र फाराममा उल्लेख गर्ने दररेट :** बोलपत्रमा नियमानुसार लाग्ने मूल्य अभिबृद्धि करबाहेकको दररेट अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा मान्यता दिइनेछ । बोलपत्रदाताले डिजाइन, नक्सा, निर्माण स्थल र कामको सम्बन्धमा राम्रोसंग बुझि दररेट भरेको मानिनेछ ।

८ **बोलपत्र स्वीकृतीसम्बन्धी अधिकार :** बोलपत्र पूर्णरुपमा वा आंशिकरुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९) **बोलपत्र माथि कारबाही :** बोलपत्र सर्तरहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको बोलपत्र, फाराममा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको सर्त विपरित भएको बोलपत्र माथि कारबाही हुनेछैन ।

१०) **प्रि-बिड मिटिङ सम्बन्धमा :** सूचना प्रकाशित भएको मितिले २०औं दिनको १३:०० बजे यस कार्यालयमा प्रि-बिड मिटिङ हुनेछ । सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा प्रि-बिड मिटिङ हुनेछ ।

११) **लिखित घोषणापत्र :** बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, कुनै स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसायी सम्बन्धि कसुरमा सजायसमेत नपाएको सम्बन्धि लिखित घोषणापत्र सिलबन्दी बोलपत्रसाथ सिलबन्दी खाम भित्रै पेस गर्नुपर्नेछ ।

१२) **अन्य जानकारी :** बोलपत्रसाथ पेस गरेको प्रतिलिपि कागजातहरु सक्कलसमेत माग गरी चेक जांच गर्न सकिनेछ । बोलपत्र कागजात पेस गर्दा व्यवसायी दक्षता भल्किएको र चाहिने कागजातमात्र हुनुपर्नेछ । अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१३) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४(संशोधनसहित) र बोलपत्र कागजातमा उल्लेख भएबमोजिम हुनेछ ।

१४) विस्तृत विवरण तपसिल अनुसार रहेको छ ।

| सि. नं | ठेक्का नं. | कार्यालयको नाम र ठेगाना | निर्माण कार्यको विवरण | लागत रकम ( मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) | बोलपत्र खरिद दस्तुर | बोलपत्र जमानत वा बाणिज्य बैंक जमानत | बोलपत्र खरिद गर्ने अन्तिम( प्रथमपटक सूचना प्रकाशित मितिले) | बोलपत्र दर्ता गर्ने अन्तिम मिति/समय/स्थान (प्रथमपटक सूचना प्रकाशित मितिले) | बोलपत्र खोलिने मिति/समय/स्थान (प्रथमपटक सूचना प्रकाशित मितिले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७२/७३ | घरेलु तथा साना उद्योग विकास समिति, त्रिपुरेश्व, काठमाण्डौ | कार्यालयको छतमा ट्रष्ट बनाई मर्मत सुधार | २९०६५०७५३ | रु. १०००। (एक हजार) | रु. ८५०००। (पचासी हजार) | ३० औं दिनको कार्यालय समयभित्र समितिको कार्यालय, त्रिपुरेश्वर | ३१ औं दिनको १२:०० बजेभित्र समितिको कार्यालय, त्रिपुरेश्वर | ३१ औं दिनको १४:०० बजे समितिको कार्यालय त्रिपुरेश्वर |

नेपाल उद्योग घरेलु तथा साना ... प्रधान कार्यालय

२०७२/८/१८

वरिष्ठ अधिकृत